REGIONAL NEWS

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS

18:40 hrs 20.06.2024

## Forest minister meeting

राज्यका बन तथा पर्यावरण मन्त्री श्री पिन्चो नाम्गेल लेप्चाले आज गान्तोकमा ग्रेफका कमाण्डेन्टसित बैठक गर्नुभयो।

यस अवसरमा मुसलधारे पानीले क्षतिग्रस्त भएका विभिन्न सड़क तथा पुलहरूको स्थितिवारे विस्तृत रूपमा चर्चा भयो।

मन्त्रीले ग्रेफका कमाणडेन्टसित जंगु समस्तिका सड़क तथा पुलहरूसित सम्वन्धित सबै कार्य चाँडै पूरा भएको सुनिश्चित गर्ने आग्रह गर्नुभएको छ।

उहाँले मंगन साङकलङ सड़कको अवस्थाको अवगत गराउँदै सम्वन्धित अधिकृतहरूलाई पुल निर्माण कार्य प्राथमिकतूको आधारण पूरा गर्नु भन्नुभएको छ।

ग्रेफका कमाणडेन्टले सड़क तथा पुल निर्माण सम्वन्धी कार्यहरू यथाशीघ्र पूरा गर्ने आश्वासन दिनुभयो।

यसैवीच साङ्कलङमा टिस्टा नदीमाथि zipline बनाइएको छ।

मंगन र जंगुलाई जोड़ने महत्वपूर्ण साङकलङ पुललाई मुसरधारे पानीले बगाएको थियो।

जंगु र मंगनमा राशिन तथा अन्य सामग्रीहरू ओसार्नका लागि जिप लाइन तयार पारिएको हो।

प्रखण्ड प्रशासनिक केन्द्र पासिङदाङको अभियान्त्रिकी टीम, मंगन प्रखण्ड प्रशासनिक केन्द्रका अधिकृतहरू र मंगन जिल्लाका समग्र अभियान्त्रिकी टीम अनि जंगु र चांदेका स्थानीय जनताको संलग्नतामा यो कार्य सम्भव भएको बताइन्छ।

सत्र जुनदेखि शुरू भएको निर्माण कार्यपछि यो जिप लाइन को परिचालन भोलिदेखि संचालित हुनेछ।

यसै गरी डिक्चु मंगन मार्गमा अवस्थित नामोक खोलामा ठूलो पैह्लो गएको ठाउँमा मरम्मति कार्य चरिरहेछ।

तथापि यस मार्गमा पैह्लोले गर्दा विगत आठ दिनदेखि फसेका वाहनहरूलाई सिङतामतर्फ जाने अनुमति दिइएको छ।

अर्कातिर कवीका महकुमा अधिकारीको निर्देश अनुरूप कावी महकुमाका प्रमुख सर्वेक्षणकर्ता र उहाँको टोलीले ताडेक राजस्व प्रखण्ड अधिन उत्तरतर्फको डिकचुमा मुसलधारे पानीद्वारा प्रभावित क्षेत्रहरूको भ्रमण गरयो।

सर्वेक्षणमा डिक्चुको FCI गोदाम तर्फ जाने प्रवेश मार्गको तल्लो भाग टिस्टा नदीले भरकाएको पाइएको छ।

## Teesta Rising

भर्खर प्राप्त जानकारी अनुसार टिस्ट नदीको पानीको स्तर बढ़िरहेछ।

हाम्रा सम्वाददाता यसो हुंदा उत्तर जिल्ला पुलिसले नदीका छेउछाउ बसोवासो गर्ने मानिसहरूलाई सुरक्षित स्थान सर्नु भनी सर्तक गराएको छ।

---

## Minister assured office

समाज कल्याण, महिला तथा बाल विकास विभागका मन्त्री श्री सामडुप लेप्चा र पिनै विभागकी सल्लाहकार श्रीमती पामिल लेप्चाले आज आफ्नो कार्यभार सम्हाल्नुभयो।

पदधार सम्हालेपथि विभागको सम्मेलन हलमा आयोजन गरिएको कार्यक्रममा बोल्दै मन्त्री श्री लेप्चाले भन्नुभयो महिला तथा वाल विकस विभागका योजना तथा कार्यक्रमहरूवाट तृणमूल स्तरमा जनतासित काम गर्ने धेरै अवसर प्राप्त हुनेछ।

मन्त्रीले विभागको लक्ष्य हासिल गर्नमा सकेसम्म सहयोग पुऱ्याउने र लगनशील भएर काम गर्ने आश्वासन दिनुभयो।

उहाँले समय समयमा क्षेत्रभ्रमण गर्ने सुझाउ पनि दिनुभएको छ।

आफ्नो वक्तव्यमा सल्लाहकार श्रीमती पामिन लेप्चाले आफ्नो कार्यअवधिभरि विभागको निकट सम्पर्कमा रहेर काम गर्ने आश्वासन दिनुभयो।

आंगनवाडी केन्द्रहरूको भ्रमण गर्ने इच्छा रहेको कुरो बताउँदै उहाँले सबै योजनाहरूको प्रभावी ब्यवस्थापन र कार्यान्वयन हुनुपर्ने र असल परिणामाका निम्ति उच्च स्तरवाट हस्तक्षेप गरिनुपर्ने आवश्यक्तामाथि जोड़ दिनुभयो।

कार्यक्रममा सिक्किम राज्य महिला आयोगकी सदस्य सचिव सुश्री युसा लाचेनपाले आयोगद्वारा गरिएका विभिन्न क्रियाकलापहरूवारे प्रकाश पार्नुभयो।

---

## Culture minister welcomed

संस्कृति विभागले आज स्वास्थ्य तथा परिवार कल्याँ एवं संस्कृति मन्त्री श्री जी टी ढुंगेल र विभागका सल्लाहकार श्री पिन्छो छिरिङ भुटियाको स्वागत एउटा समारोह आयोजन गरयो।

गान्तोकको मनन केन्द्रमा आयोजित कार्यक्रममा सचिव श्री वी के लामाले विभागको कामकाज र गतिविधिहरू जानकारी दिनुभयो।

यस अवसरमा सासंकृतिक कार्यक्रम प्रस्तुत गरियो। यसमा विभिन्न समुदायका नृत्य प्रदर्शित गरियो।

---

## Yoga day

भोलि अन्तर्राष्ट्रिय योग दिवस हो।

प्रधानमन्त्री श्री नरेन्द्र मोदी श्रीनगरमा आयोजन हुने दशौ अन्तारास्ट्रिय योग दिवस समारोहमा सहभागी बन्नुहुन्छ।

यो वर्ष अन्तरास्ट्रिय योग दिवसको विषय छ 'स्वयं' र समाजता लागि योग।

यता राज्यमा पनि भोलि अन्तरास्ट्रिय योग दिवस पालन गरिनेछ।

स्वास्थ्य तथा परिवार कल्याण मन्त्री श्री जी टी ढुंगेलले मानिसहरू शिक्षकगण र विद्यार्थीहरूसित गान्तोकमा आयोजित हुने योगाभ्यास कार्यक्रममा सहभागी हुने अपील गर्नुभएको छ।

---

## UGC NET Cancelled

केन्द्र सरकारले जून 2024 को यूजीसी-नेट परीक्षी रद्द गरेको छ।

यो परीक्षा पछि आयोजित हुनेछ र यसवारेमा छुट्टै रूपमा सूचित दिनेछ।

भारतीय साइबर अपराध समन्वय केन्द्रद्वारा दिइएको जानकारीपछि यूजीसी नेट परीक्षा रद्द गरिएको हो।

परीक्षाको विश्वसनीयतामा सम्झौता गर्न नसकिने कुरो बताउँदै यो मामिला गहन जाँचका लागि केन्द्रीय जाँच ब्यूरो CBI सुम्पिने भएको छ।

रास्ट्रिय परीक्षा एजेन्सीले गत मंगलवार अठार जूनका दिन देशका विभिन्न शहरहरूमा दुई चरणमा यूजीसी नेट परीक्षा आयोजन गरेको थियो।

गृह मन्त्रालयको भारतीय साइबर अपराध विश्लेषण इकाईलाई हिजो, परीक्षामा गड़वड़ी भएको केही जानकारी प्राप्त भएपछि यसलाई रद्द गरिएको हो।

---